जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक २८ २०८० साल फागुन १३ गते आइतवार (25 Feb. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – पृष्ठ २ मा : पहिचानको आधारमा प्रदेशहरुको ... पृष्ठ ३ मा : आरक्षणले उब्जाएको ... पृष्ठ ४ मा : स्वास्थ्य क्षेत्रलाई एकीकृत ... पृष्ठ ५ मा : रजिस्ट्रेशन गर्दा लागेको ...

## समस्या परेकाहरुका लागि सरकारले विभिन्न गतिविधि अघि बढाएको छ : उपप्रधान एवं गृहमन्त्री श्रेष्ठ



**राजविराज**/भुमिहिन तथा मिटरब्याजका कारण समस्यामा परेकाहरुको उचित व्यवस्थापन तथा न्यायका लागी वर्तमान सरकारले विभिन्न गतिविधी अघि बढाएको उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले बताएका छन् ।

शनिबार सप्तरीको खडक नगरपालिका ६ कल्याणपुरमा नव निर्मित खडक बहुमुखी क्याम्पस भवनको उद्घाटन तथा भुमिहिन सुकुम्वासीलाई जग्गाधनीको लालपुर्जा वितरण कार्यक्रमलाई प्रमुख अतिथीको रुपमा सम्बोधन गर्दै मन्त्री श्रेष्ठले सो कुरा बताएका हुन् ।

“एकातिर कस्टकर जीवन विताईरहेका भुमिहिनको पहिचान गरी क्रमिकरुपमा जग्गा उपलब्ध गराउने काम भईरहेको छ भने अर्को तिर सामान्तवादको निकृस्ट अवशेषको रुपमा रहेको मिटर ब्याजको समस्या समाधान गर्न विभिन्न गतिविधी अघि बढाइएको छ, मन्त्री श्रेष्ठले भने, यसका लागी कानुन बनायौ, आयोग बनायौं र अहिले सम्म ५ हजार भन्दा बढी मिटरव्याज पीडितलाई न्याय दिलाउन सफल भएका छौं ।”

मिटरब्याज समस्या समाधान प्रति सरकार गम्भिर रहेको बताउदै उनले आयोगको म्याद सकिएपछि अहिले सबै जिल्लाका प्रहरीमा पीडितहरुको उजुरी लिने र न्याय सम्पादनको काम गर्ने जिम्मा र ब्यवस्था

***बाँकी अन्तिम पृष्ठमा***

## आजदेखी दादुरा-रुबेला रोग विरुद्धको खोप अभियान

**राजविराज**/दादुरा-रुबेला रोग विरुद्धको खोप अभियान आइतबार फागुन १३ गतेदेखि सुरु हुँदैछ । यो अभियान सप्तरीमा चैत २ गतेसम्म तीन चरणमा संचालन हुने भएको छ ।

जिल्लामा एक लाख ८७ हजार ८ सय ९२ जना बालाबालिकालाई खोप दिने लक्ष्य रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

मधेश प्रदेशको ८ जिल्ला मध्ये सप्तरी, बारा, सिरहा, रौतहट र पर्सामा गत वर्ष दादुरा रुबेला रोग शुन्यमा झरेको देखिए पनि सर्लाही, महोत्तरी र धनुषमा भने फाटफुट रुपमा यो रोग देखिएको स्वास्थ्य कार्यालयका प्रमुख देव कान्त झाले जानकारी दिएका छन् ।

उनका अनुसार १८ पालिका रहेको जिल्लामा पहिलो चरणमा सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका र तिलाठी कोईलाडी गाउँपालिकामा फागुन १३ गतेदेखि फागुन १७ सम्म अभियान संचालन हुनेछ ।

दोश्रो चरणमा फागुन २० गते देखि फागुन २४ सम्म डाक्नेश्वरी नगरपालिका, बोदे बर्साईन नगरपालिका, छिन्नमस्ता गाउँपालिका, बलान विहुल गाउँपालिका र विष्णुपुर गाउँपालिकामा अभियान चल्ने छ ।

यस्तै तेश्रो चरणमा जिल्लाको सुरुङा नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, राजविराज नगरपालिका र अग्नीसाईर कृष्णासवरण गाउँपालिकामा फागुन २७ गते देखी चैत २ सम्म अभियान चल्ने छ ।

अभियान अर्न्तगत जिल्लाभरमा ८ सय ८ वटा खोप केन्द्र कायम हुने र यसमा १ हजार ६ सय १६ स्वास्थ्यकर्मी तथा २ हजार ४ सय ३२ स्वयम सेवक परिचालन हुने स्वास्थ्य कार्यालयका प्रमुख झाले जानकारी दिए ।

सो अवसरमा उनले दादुरा रुबेला रोगबाट संक्रमित एक जना ब्यक्तीले १८ जना सम्मलाई संक्रमित बनाउन सक्ने भन्दै खोपको पुर्ण मात्रा लगाएर सबैलाई सुरक्षित बनाउने उद्देश्यले अभियान चलाइएको र यसमा सबैको साथ र सहयोग आवश्यक रहेको बताए ।

स्वास्थ्य अधिकृत हिरेन्द्र प्रसाद साहले अभियानमा तालिम प्राप्त स्वास्थ्यकर्मी विभिन्न पालिकामा कायम गरिएको खोप केन्द्रमा खटिने बताए । उनले ९ महिना देखि ५ वर्षको एउटा समुह र ५ वर्ष देखि १५ वर्ष उमेर समुहका अर्को गरी २ भागमा विभाजन गर्दै उक्त खोप लगाउने जानकारी दिए ।

विश्व स्वास्थ्य संगठन नेपालका प्रतिनीधी दिल बहादुर शाहीले उक्त खोप अभियानको स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिती, पत्रकार महासंघ तथा अन्य सरोकारवाला निकायबाट अनुगमन समेत हुने भन्दै यसले प्रभावकारी रुपमा अभियान चलाउन मद्दत पुग्ने विश्वास ब्यक्त गरे ।

## कार्यवाहक नगरप्रमुख र नगरपालिका कार्यालयबिरुद्ध अन्तरिम आदेश जारी

**राजविराज**/उच्च आदलत जनकपुर राजविराज इजलाशले कार्यवाहक नगरप्रमुख इसरत परविन र नगरपालिका कार्यालयलाई विपक्षी बनाई दायर भएको रिटमा अन्तरिम आदेश जारी गरेको छ ।

राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङले कार्यवाहक नगरप्रमुख इसरत परविन र नगरपालिका कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिटमा अदालतका न्यायाधिश बिमल प्रसाद सुवेदी र पूर्ण प्रसाद राजवंशीको संयुक्त इजलाशले बिहीबार अन्तरिम आदेश जारि गरेको हो ।

‘सम्बन्धित मन्त्रालय वा केन्द्रिय निकायले निज कर्मचारीको काज फिर्ता गरी सो स्थानमा अर्को निजामती कर्मचारी खटाई नपठाउञ्जेल निवेदक कर्मचारीलाई खटाईएको स्थानमा अहिले स्थानिय निकायका जनप्रतिनिधिसंग देखिएको असमझदारीका कारणले मात्र निजलाई कामकाज गर्नबाट बन्चित गर्ने गराउने कार्य प्रथम दृष्टिमा नै जायज र कान९ख्नु सम्मत रहेको भनी मान्न नसकिने हुँदा निवेदक बिष्णु प्रसाद गुरुङलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा नियमित काजकाज गर्न गराउन कुनै बाधा व्यवधान वा अवरोध नगर्नु गराउनु भनी विपक्षी कार्यबाहक नगरप्रमुख इसरत परविन समेतका नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४१(१) बमोजिम अन्तिरिम आदेश जारी गरी दिएको छ’ उच्च अदालतले जारी गरेको आदेशमा भनिएको छ ।

यसअघि फागुन २ गते न्यायाधिश कौशलचन्द्र सुवेदीको एकल इजलासले फागुन ६ सम्मका लागि अल्पकालिन अन्तिरिम आदेश दिएका थिए भने फागुन ६ मा न्यायाधिश अर्जुन अधिकारी र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलाशले फागुन १० सम्म त्यही आदेशलाई निरन्तरता दिएको थियो ।

आफूलाई गैरकानुनी ढंगले संघीय मामिला तथा सामान्य मन्त्रालय फिर्ता पठाउने निर्णय गरिएको भन्दै प्रमुख प्रशासकीय अधिकृत गुरुङले कार्यवाहक नगरप्रमुख इसरत परविनसहित राजविराज नगरपालिका कार्यालयलाई विपक्षी बनाएर फागुन १ गते उच्च अदालत जनकपुर राजविराज इजलाशमा उत्प्रेशनको रिट दायर गरेका थिए ।

“संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फिर्ता पठाउने मिति २०८० माघ १९ गतेको निर्णयसँग सम्बन्धित सक्कल फाईल पेसीको दिन देखाई फिर्ता लैजाने गरी विपक्षीबाट झिकाउन साथै सो मिति २०८० फागुन १० सम्म विपक्षीको नाउँमा यस अदालतबाट जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई समेत स्वतः निरन्तरता दिएको छ” फागुन ६ गते अदालतले जारि गरेको आदेशमा भनिएको थियो ।

भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरु

अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछः

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेशाज्ञा(Visa),
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण,

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सर्वसम्मत विकास आवश्यक

सर्वसम्मतले विकास भए त्यसले सकारात्मक परिणाम दिन्छ । विकास समाज सुधारको विषयमा वा शिक्षा दिनेमा कीन नहोस् सबैमा सर्वसम्मतलाई पहिलो प्राथमिकता दिइन्छ । यस्ता कार्य गर्नु पूर्व त्यसबारे बिस्तृत अध्ययन तथा सरोकारवाला निकायसँग परामर्श लिएर सुरुवात गर्न सके पक्कै पनि त्यो सफल हुन्छ । नेपालकै पुरानो मध्ये एक नगरपालिका राजविराज अहिले कार्य क्षमता, दक्षता तथा पहलकर्ताको अभावमा पछाडी पर्दै गएको छ । अहिले विकासको ममलामा केही फड्को मारेपनि खासै उपलब्धी हासिल गर्न सकेको छैन् । हाल यहाँको बाटोघाटो, भौतिक पूर्वाधार, अव्यवस्थित बसोवास लगायतमा केही सुधार भएको छ । तर ती सबै कार्यहरु अहिले निर्माणाधीन नै रहेको छ ।

विगतको तुलनामा यहाँ थोरै भएपनि विकास भएको कुरामा दुइमत नहोला । तर, अन्य नगरको तुलनामा उक्त विकास ज्यादै न्युन छ । राजविराज भन्दा कान्छा नगरपालिकाहरु अहिले विकासको मामलामा निकै अगाडी बढीसकेका छन् । सप्तरीकै सप्तकोशी नगरपालिका बाटोघाटो निर्माणमा धेरै अगाडी छ । त्यस्तै कंचनरुप अगाडी बढ्ने क्रममा रहेको छ । त्यस्तै छिमेकी जिल्लाको लहान नगरपालिका राजविराजको तुलनामा धेरै अगाडी छ । गोलबजार पनि विकासको सन्दर्भमा अगाडी बढिरहेको छ । सुनसरीको इनरुवा नगरपालिका पनि बाटोघाटोको मामलामा निकै अगाडी छ । इटहरीमा त विकासको ओइरो लागेको छ । यी सबै नगरपालिकाहरु राजविराज भन्दा निकै कान्छा हो । यसरी हेर्दा राजविराज समय, परिस्थिति तथा उचित पहलका कारण पछाडी पर्दैआएको छ । विकास भनेको चौतर्फी प्रयासले हुने विषय हो । एकलौटी निर्णय गरेर विकास कहिले हुँदैन् । यसका लागि सम्पूर्ण जनताको भवनालाई कदर गरि अगाडी बढेमा विकासमा कुनै वाधा अवरोध आउँदैन् ।

तसर्थ विकासका लागि सबै एकजुट हुनु आवश्यक छ भने सरोकारवाला निकाय पनि पारदर्शी हुनु उत्तिकै आवश्यक छ । अनिमात्र विकासले फड्को मार्ने निश्चित छ । यसका लागि सबैको सहयोग, सहकार्य र विश्वास आवश्यक पर्दछ ।

# पहिचानको आधारमा प्रदेशहरुको पुनःनामाकरण गर्नुपर्छ : जसपा अध्यक्ष




**ललितपुर/** जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पहिचानका आधारमा प्रदेशहरुको पुनःनामाकरण हुनु पर्ने माग गरेका छन् ।

शनिबार ललितपुरको महालक्ष्मी स्थानमा समाजवादी तामाङ संघले आयोजना गरेको नयाँ वर्ष सोनम् ल्होछार कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो माग गरेका हुन् । उनले पहिचानका आधारमा प्रदेशलाई नामाकरण गर्न सरकारले ढिलाई गर्न नहुने समेत बताए ।

देशव्यापी जनताको मागलाई बेवास्ता गरी सरकारले पहाड, नदी, खोलानालाको नाममा प्रदेशको नामाकरण गरेकोमा उनले असन्तुष्टि व्यक्त गरे ।

'जनताको माग एकातिर छ, तत्कालीन सरकारले खोलानालाको नाममा प्रदेशको नामाकरण गऱ्यो, त्यो हामीलाई मान्य छैन', जसपा अध्यक्ष यादवले भने,- 'नामाकरणको विषयमा मधेश प्रदेश बाहेक सबै प्रदेशमा चरम असन्तुष्टि छ, सरकारले यसलाई समय छँदै सम्बोधन गर्नुपर्छ ।'

पहिचानका लागि पूर्वी नेपालमा जारी आन्दोलनलाई जनताको माग अनुसार सम्बोधन गर्नु पर्नेमा जोड दिँदै उनले मधेश बाहेक बाकी ६ वटै प्रदेशमा पहिचान आधारित पुनःनामाकरणको आन्दोलनले बिष्फोटक रुप लिन सक्ने दाबी समेत गरे ।

मधेशका जनताको ठूलो संघर्ष र बलिदानीले मात्रै सो प्रदेशको नाम मधेश प्रदेश सम्भव भएको स्मरण गर्दै उनले पहिचानको मागलाई बेवास्ता नगर्न सरकारलाई सचेत गराए ।

मधेशी, आदिवासी जनजाति, दलित, सीमान्तकृत जनताले अधिकार र पहिचानका लागि संयुक्त रुपमा संघर्ष गर्नु पर्नेमा उनले जोड दिदै भने, 'एक्लै लडेर हुँदैन, अधिकार प्राप्तिका लागि सबै उपेक्षित जनता एक ठाउँमा उभिनु पर्छ ।'

# प्रधानमन्त्रीद्वारा कठाल-मल्हनिया-मल्टिस्पान झोलुङ्गे पुल उद्घाटन

**धनुषा/** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कमला नदीमा निर्माण भएको झोलुङ्गे पुलको उद्घाटन गरेका छन् ।

सिरहा नगरपालिका १३ मल्हनिया र जनकनन्दिनी गाउँपालिका ६ कठाल जोड्ने कठाल-मल्हनिया-मल्टिस्पान झोलुङ्गे पुलको प्रधानमन्त्रीले शनिबार उद्घाटन गरेका हुन् ।

तराईमा सिँचाइ विस्तार गरी र उत्पादकत्व वृद्धि गर्न सरकारले सहयोग गर्ने विश्वास दिलाउँदै प्रधानमन्त्रीले यसपटक आफूले सङ्घीयता कार्यान्वयनलाई विशेष ध्यान दिएको बताए । उनले भने, "अब सङ्घीयता सबलरूपमा कार्यान्वयन हुन्छ । केही दिनभित्रै प्रदेश प्रहरी ऐन, शिक्षा ऐन र कर्मचारीसम्बन्धी कार्यान्वयनमा आउनेछ ।"

प्रधानमन्त्री प्रचण्डले तीन तहको सरकारको सहकार्यबाट यस्ता निर्माणले सङ्घीयतालाई सबल तुल्याउने विश्वास व्यक्त गरे ।

करिब २८ करोड ८५ लाखको लागतमा निर्मित पुलको भारवहन क्षमता पाँच सय ४० मेट्रिक टन छ । चार फिट चौडा पुलबाट सर्वसाधारण, चौपाया, साइकल र मोटरसाइकल सहजै सञ्चालन गर्न सकिन्छ ।

यसैबीच, स्थानीय प्रशासनले पुलको दीर्घकालीन उपयोगका निम्ति भारवहन गर्ने सवारीसाधन टेम्पोलगायत साधन तीव्रगतिमा नचलाउन र साइकल, मोटरसाइकल पनि डोऱ्याएर नदी पार गर्न सम्बद्ध सबै प्रयोगकर्तामा अनुरोध गरेको छ ।

# निर्माण व्यवसायी संघका नवनिर्वाचित पदाधिकारीहरूले लिए शपथ

**राजविराज/** निर्माण व्यवसायी संघ सप्तरीका नवनिर्वाचित पदाधिकारीहरूले पद तथा गोपनियताको शपथ लिएका छन् ।

राजविराजस्थित निर्माण व्यवसायी संघ सप्तरीको सभा कक्षमा आयोजित समारोहमा नवनिर्वाचित अध्यक्ष सतिशचन्द्र झालाई निर्वाचन समितिका संयोजक रामअशिषप्रसाद साह स्वर्णकारले सपथ गराएका थिए ।

यस्तै अन्य पदाधिकारीलाई अध्यक्ष झाले पद तथा गोपनियताको शपथ ग्रहण गराए । सो अवसरमा महासंघका केन्द्रीय अध्यक्ष रवि सिंहले सबै निर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र प्रदान गरे ।

गत माघ १३ गते सम्पन्न निर्वाचनमा संघको जिल्ला अध्यक्षमा सतिशचन्द्र झा, प्रथम उपाध्यक्षमा भुपेन्द्र यादव, द्वितीय उपाध्यक्षमा कैलाश प्रसाद देव, महासचिवमा अमृतलाल साह, सचिवमा प्रमोद कुमार मण्डल, कोषाध्यक्षमा दिवाकर सिंह र सहकोषाध्यक्षमा उमेश प्रसाद यादव निर्वाचित भएका थिए ।

यस्तै सदस्यहरूमा जगदीश अर्याल, प्रभाकर यादव, उदय श्रेष्ठ, मो. अनवर दफाली, विजयकुमार रजक, कृष्णचन्द्र यादव, विष्णुप्रसाद देव, मुकेश कुमार यादव, रामचन्द्र यादव, निलेश कुमार झा, रंजित चौधरी, भुवनारायण यादव र उमाकान्त साह निर्वाचित भएका थिए । सो अवसरमा संघको स्थापना तथा निर्माण व्यवसायीहरूको पेशागत हकहित, संरक्षण र सम्बर्द्धनमा योगदान गरेबापत पुराना निर्माण व्यवसायी कामेश्वरलाल देव, जयप्रकाश ठाकुर, कैलाश प्रसाद यादव, अरुण प्रधान, नित्यानन्द सिंहलाई दोसल्ला र कदरपत्रबाट सम्मान गरिएको थियो ।

निर्माण व्यवसायी संघ सप्तरीका निवर्तमान अध्यक्ष एनेश्वर दासको अध्यक्षतामा आयोजित समारोहमा निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष रवि सिंह, उपाध्यक्ष केवी लामा, महासचिव रोशन दाहाल, कोषाध्यक्ष हिरण्य श्रेष्ठ, केन्द्रीय सदस्य नन्दकिशोर साह, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहलगायतले नवनिर्वाचित कार्यसमितिलाई शुभकामना दिएका थिए ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ


डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# आरक्षणले उब्जाएको प्रश्न

३८.९२ प्रतिशत, मधेसीमा यादव, शाह, चौधरी, महतोबाट ५०.६४ प्रतिशत, दलितमा विश्वकर्मा (विक) र नेपालीबाट ३७.४६ प्रतिशत, पिछडिएको क्षेत्रमा जोशी, बुढा, शाही, उपाध्याय र थापाबाट २७.३७ प्रतिशत उम्मेदवार सिफारिस भएको भन्दै समूहभित्रको विविधता अभिवृद्धिमा जोड दिइएको छ।





रितेश पन्थी

२०८० माघ ४ गते विभिन्न ६ वटा राष्ट्रिय आयोगहरू (महिला, दलित, मधेसी, मुस्लिम, आदिवासी जनजाति र थारु)ले पत्रकार सम्मेलन गरी जनसंख्याका आधारमा आरक्षणको व्यवस्था हुनुपर्ने धारणा राखेका थिए।

एक वर्षअघि राष्ट्रिय समावेशी आयोगले अबको १४ वर्षपछि आरक्षण नचाहिने अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो। यस प्रतिवेदनको समेत चर्चा गर्दै ६ संवैधानिक आयोगका अध्यक्षहरूले निजामती सेवामा किनारामा पारिएका समुदायको समानुपातिक समावेशिता नभएको औँल्याएका थिए।

हाल निजामती सेवामा समावेशिता कायम गर्न आवश्यक पदमध्ये ४५ प्रतिशत सिट छुट्ट्याई त्यसलाई शतप्रतिशत मानी विभिन्न समूहलाई आरक्षणको व्यवस्था गरिएको छ। जस अनुसार महिलाले ३३ प्रतिशत, मधेसीले २२, जनजातिले २७, दलितले ९, अपाङ्गले ५ र पिछडिएको क्षेत्रले चार प्रतिशत आरक्षण पाउँछन्।

उपुर्यक्त ६ आयोगहरूले संयुक्त रूपमा 'निजामती सेवामा समावेशिताको स्थिति अध्ययन प्रतिवेदन' सार्वजनिक गरेका थिए। राष्ट्रिय किताब खाना, निजामती कर्मचारी र लोक सेवा आयोगको तथ्याङ्कका आधारमा तयार पारिएको प्रतिवेदन अनुसार निजामती सेवामा महिलाको प्रतिनिधित्व १५ वर्षमा ५.५ प्रतिशतको दरले मात्र बढेको छ। यही हिसाबले महिलाको प्रतिनिधित्व ५० प्रतिशत पुग्न १३६ वर्ष लाग्ने तथ्याङ्कले देखाएको छ।

यस्तै, आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व २७ प्रतिशत पुग्न दुई सय १० वर्ष, दलितको १३ प्रतिशत प्रतिनिधित्व पुग्न १२० वर्ष, मधेसी समुदायको २२ प्रतिशत पुग्न ९० वर्ष, मुस्लिम समुदायको जनसंख्या अनुसार समानुपातिक प्रतिनिधित्व पुग्न १०७ वर्ष कुर्नुपर्ने तथ्यांकले देखाएको औँल्याएको छ।

यद्यपि लोकसेवाकै अनुसार भने आरक्षणबाट लाभ पाउने समुदायहरूको खुलातर्फबाट बलियो उपस्थिति देखिन्छ। पछिल्ला ६ वर्षमा आरक्षण समूहबाट नौ हजार ८२९ जना सिफारिस भएकामा खुलाबाट सोही अवधिमा नौ हजार ३१ जना सिफारिस भएका थिए। आव २०७८/७९ मा समावेशीबाट एक हजार २३ जना सिफारिस हुँदा आरक्षण पाउने समूहका ६ सय २५ जना खुलाबाट सिफारिस भएका थिए, (२०८० असार ८ गतेको नयाँपत्रिका दैनिक)।

विभिन्न समयमा भएको जनआन्दोलन, माओवादी जनयुद्ध, मधेस आन्दोलन लगायत आन्दोलनको परिणामस्वरूप हामीकहाँ आरक्षणको व्यवस्था गर्न थालिएको हो। राज्य संयन्त्रमा पुरुषको र केही उपल्लो भनिएको जात र समुदायको वर्चस्व तोड्न, सबै समुदाय र लिङ्गलाई राज्यको मूलधारमा समावेश गर्नु आरक्षणको उद्देश्य हो। नेपालको संविधानले सामाजिक न्याय र समानुपातिक समावेशीकरणको नीति लिएको छ।

**समावेशी आयोगको प्रतिवेदनको निष्कर्ष**

राष्ट्रिय समावेशी आयोगले २०७९ मा 'विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन प्रतिवेदन' सार्वजनिक गरेको थियो। प्रतिवेदनमा आरक्षण अल्पकालीन अवधारणा भएको र समय क्रमसँगै यसको पुनरवलोकन हुनुपर्ने उल्लेख छ। १९८ पृष्ठको प्रतिवेदनमा आरक्षणले पारेको सकारात्मक प्रभाव र नकारात्मक प्रभावका बारे चर्चा गरिएको छ।

प्रतिवेदन अनुसार थरलाई उलटपुलट गरेर फाइदा उठाउने, अपाङ्गको हकमा मापदण्ड निर्धारण नभएको, पिछडिएको क्षेत्रको नागरिकता लिएर सुगममा बस्नेहरूले लाभ लिएको जस्ता समस्या आरक्षण प्रणालीमा देखिएको छ। एकपटक आरक्षण पाएकालाई फेरि आरक्षण दिन नहुने, आरक्षणबाट प्रवेश भएकाको विस्तृत विवरण राख्नुपर्ने, समूहभित्रको विविधता अभिवृद्धि गर्नुपर्ने र यसमा लोक सेवा आयोगले ध्यान दिनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

आरक्षण समूहअन्तर्गत सीमित थरहरूको वर्चस्व देखिएको छ। आदिवासी जनजातिमा चौधरी, श्रेष्ठ र राईबाट मात्र ३८.९२ प्रतिशत, मधेसीमा यादव, शाह, चौधरी, महतोबाट ५०.६४ प्रतिशत, दलितमा विश्वकर्मा (विक) र नेपालीबाट ३७.४६ प्रतिशत, पिछडिएको क्षेत्रमा जोशी, बुढा, शाही, उपाध्याय र थापाबाट २७.३७ प्रतिशत उम्मेदवार सिफारिस भएको भन्दै समूहभित्रको विविधता अभिवृद्धिमा जोड दिइएको छ। त्यस्तै, कम प्रतिनिधित्व भएको मुस्ताङ, मनाङ र रसुवा जिल्लालाई पिछडिएको कोटा दिन भनिएको छ।

त्यस्तै, आरक्षण अन्तर्गत सार्वजनिक सेवामा एकै परिवार वा परिवारसँग सम्बन्धित वर्गको उपस्थिति सीमित गर्न विभिन्न उपाय सुझाएको छ। यी पृष्ठभूमि भएको सन्ततिलाई आरक्षण नदिन भनिएको छ। पति र पत्नी दुवै आरक्षणअन्तर्गत सेवा प्रवेश गरेकाको, आरक्षणबाट सेवा प्रवेश गरी निजामती सेवाको प्रथम श्रेणी वा सोभन्दा माथि पुगेको कर्मचारीको, संघ वा प्रदेश संसदको सदस्य भएको वा एक वर्षभन्दा बढी अवधि जुनसुकै मन्त्री भएका बाबु-आमाको सन्तानलाई आरक्षण उचित नभएको प्रतिवेदनमा उल्लेख छ। यस्तै, विदेशी आमा र बाबुको नेपाली सन्तानलाई, महानपामा पाँच करोड, उपमहानपामा चार करोड र नपामा तीन करोड रुपैयाँभन्दा बढी मूल्यको घर भएकाको सन्ततिलाई आरक्षण निषेध गर्न भनिएको छ।

**अबको बाटो**

निजामती सेवा ऐन, २०४९ (संशोधित) को दफा ७ को उपदफा ११ को अनुसार आरक्षणको व्यवस्था प्रत्येक १० वर्षमा पुनरवलोकन गरिने भनिए पनि यो १६ वर्षदेखि यथावत छ। हालसम्म यसमा कुनै परिमार्जन हुन सकिरहेको छैन। लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीका अनुसार, आरक्षण पाउने समूह खुलाबाट समेत बढिरहेको हुँदा यसलाई पुनरवलोकन गरिनुपर्छ।

संविधान अनुसार संघ, प्रदेश र स्थानीय तह सबैलाई जोड्ने गरी र प्रदेशलाई मार्गप्रशस्त गर्न निजामती सेवा ऐन ल्याउनुपर्नेमा त्यो समेत राजनीतिक दलहरूले ल्याउन नसकेर भद्रगोल र अस्तव्यस्त भएको पाइन्छ। यसले गर्दा प्रदेशहरूले समेत राम्रोसँग काम गर्न नसकेर संघीयतामाथि प्रहार गर्नेहरूलाई बल पुऱ्याइरहेको छ। त्यसका साथै राजधानीमै कर्मचारी थुप्रिन खोज्ने र अटेरीपन देखाउने प्रवृत्ति बढेको छ।

विनोद पञ्जियारले प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई विपक्षी बनाएर दायर गरेको रिटमा सर्वोच्च अदालतको ०७७ पुस १

*बाँकी चार पृष्ठमा*

## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा  मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# स्वास्थ्य क्षेत्रलाई एकीकृत योजनाका साथ अघि बढाउनुपर्ने आवश्यकता

**डा तोसिमा कार्की, सांसद**

संसदीय अभ्यासको अहिलेसम्मको समीक्षा गर्दा पुरानै शैलीले हामीले काम गर्ने हो भने नयाँ परिणामको अपेक्षा गर्न सकिन्न । त्यही भएर अहिले हामीले फरक परिणामको अपेक्षासहित फरक ढङ्गले काम गर्न आवश्यक छ ।

संविधानमा व्यवस्था भएअनुसार जनतालाई आधारभूत आवश्यकता पूरा भएको अनुभूति दिलाउने र जनमुखी मुद्दा सम्बोधन भएको देख्न चाहन्छौँ भने हामीले शैली बदल्नै पर्छ । शैली बदल्नका लागि नियत बदल्नुपर्छ, नियत बदलियो भने मात्र भएका नीतिले काम गर्छ भन्ने मैले अनुभूत गरेकी छु ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अल्पमतमा भए पनि सही हामीले मुद्दा सही ठाउँमा सही तरिकाले सही व्यक्तिमार्फत उठाउने हो भने काम गर्न सकिन्छ भनेर अघि बढिरहेका छौँ । प्रतिनिधिसभामा विधायिकाको रुपमा झण्डै डेढ वर्षको अनुभवमा छोटो समयका लागि भए पनि सरकारमा सहभागी भयौँ । अहिले हामीले रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गरिरहेका छौँ ।

विगतको अभ्यास हेर्दा धेरैजसो बजेट तथा कार्यक्रम सत्तापक्षले चाहेकोजस्तो आउँदो रहेछ । अहिले पनि नीति कार्यक्रममा जे लेखिए पनि बजेट बाडँफाँट हुँदा सत्तापक्ष नै हाबी हुने देखियो । दु:खको कुरा सत्तापक्षले नै मेहेनत गरेर आ-आफ्नो क्षेत्र र ठाउँमा ल्याएको योजना तथा छुट्याएको बजेट पनि कार्यान्वयन भएको देखिँदैन । आर्थिक वर्षको अन्तिममा ठेक्कापट्टा लगाउने, काम अधुरै रहने र रकम खर्च नहुने समस्या पटकपटक दोहोरिनु हुँदैन, हामीले खबरदारी र जवाफ माग्नेक्रम जारी राखेका छौँ ।

**प्रतिपक्षका सुझाव सरकारले ग्रहण गर्नुपर्छ**

अघिल्लो अधिवेशनको समीक्षापछि सत्तापक्ष र प्रतिपक्षका सबै सांसदले सशक्त र प्रभावकारी रुपमा अघि बढ्ने प्रतिबद्धता जनाएका छन् । अहिले संसद्मा कार्यतालिका लागु गरिएको छ । संसदीय समिति अझ चलायमान हुन थालेका छन् । संसद्को समय खेर फाल्ने र अलमल गर्ने क्रियाकलाप यसपटक नदोहोऱ्याउने सङ्कल्पसहित धेरैभन्दा धेरै विधेयक पारित र छलफल गर्न सांसद सबै प्रतिबद्ध देखिनुभएको छ । यही गतिमा हामीले साझा मुद्दामा साझा धारणा कायम गर्न सक्यौँ भने धेरै काम गर्न सक्छौँ । यो सकारात्मक सुरुआत हो ।

विधेयक निर्माणसँगै जनताका मुद्दामा बोल्नेलगायतका प्रतिबद्धता व्यवहारत: कति लागू होलान, हेर्न बाँकी नै छ । जहाँसम्म राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को कुरा छ, हामी कहिल्यै पनि सदन अवरोध गर्ने बाटोमा छैनौँ । हामी फरक मत र फरक विचारसहित फरक ढङ्गले काम गर्छौं, संसद्मै बसेर छलफल, विचार र विमर्श गर्छौं ।

अहिले शिक्षा, स्वास्थ्यलगायतका विषयमा गैरसरकारी विधेयक ल्याउने तयारी गर्दैछौँ । त्यहीअनुसार जलन, आकस्मिक सेवा र कृषिसम्बन्धी विधेयकको तयारी गरिरहेका छौँ । सरकार संसद्प्रति र सांसद जनताप्रति उत्तरदायी हुनुपर्छ । संसद् प्रतिपक्षको हो भनिन्छ तर प्रतिपक्षले ल्याएका विषय जनमुखी हुँदाहुँदै, जनताका विषयमा बोल्दाबोल्दै पनि सत्तापक्षले त्यसमा समर्थन नगर्नु विडम्बना हो ।

सदनमा राम्रो संशोधन, जनताका पक्षका प्रस्ताव जो कोहीले ल्याए पनि यसमा सत्तापक्ष र प्रतिपक्षको रुपमा विभाजित भई जुङ्गाको लडाइँ गर्नुहुँदैन । दम्भको लडाइँलाई थाँति राखेर जनताका पक्षमा एक ठाउँमा उभिने हो भने धेरै काम हुन सक्छन् ।

रचनात्मक प्रतिपक्षाको भूमिकाबाट हामीले दिने सुझावले कानुनलाई थप परिस्कृत र परिपक्व बनाउन सक्छ भने अल्पमत एवं प्रतिपक्षमा रहेका सांसदबाट आएका सुझाव सत्तापक्षले ग्रहण गर्नुपर्छ । तब मात्र जनताको हितमा सरकारले काम गर्न सक्छ, काम देखाउन सक्छ ।

सङ्घीय शासन प्रणालीको अभ्यास गरिरहँदा अहिले पनि आमजनताले विधायिकासँग आफ्नो क्षेत्रको विकास निर्माणसम्बन्धी अपेक्षा गर्नुहुन्छ । प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित जनप्रतिनिधिसँग अझ बढी अपेक्षा गरिएको हुन्छ । आमजनतामा पनि यो चेतनाको विकास गर्दै लग्नुपर्छ कि स्थानीय तहको सरकारले नितान्त विकास निर्माण र व्यवस्थापनको काम गर्छ । प्रदेश तह र सङ्घीय संसद्ले विशुद्ध नीति निर्माणमा काम गरोस् भन्ने हो । यी तीन तहबीच समन्वय र सहकार्य टुट्न हुँदैन । स्थानीय तहले कुनै पनि नीति कार्यान्वयनका क्रममा केही अप्ठ्यारो भएमा नीतिगत, कानुनी गाँठो फुकाउने काम सङ्घीय सरकारले गर्ने हो । त्यसैले पनि जनप्रतिनिधिले अध्ययन, खोज र अनुसन्धान गर्दै कानुन बनाउनुपर्छ । नीति तथा ऐन बन्दै गर्दा सम्बन्धित सरोकारवाला पक्षलाई सोध्ने र खोज्ने काम गर्नुपर्छ ।

**सांसदलाई अध्ययन अति आवश्यक**

सांसदलाई अध्ययन अति आवश्यक हुन्छ । अध्ययन र अनुसन्धानबिना बनाएका नीतिले जनताका पक्षमा अपेक्षित परिणाम दिन सक्दैनन । अहिले हाम्रा नीति कार्यान्वयनमा 'असफल' भइरहेको कारण त्यसको पनि परिणाम हो । कानुन निर्माणको पाटोमा दूरदृष्टिको अभ्यास अलिक कम छ किनकि हामीमा अध्ययनको अभाव छ ।

कानुन र नीतिको आवश्यकताको मूल्याङ्कन, तथ्याङ्कपरक हुनुपर्छ । उक्त कानुनले जनतामा कस्तो प्रभाव पार्छ वा के फरक ल्याउँछ भन्नेमा अध्ययन हुनुपर्छ । अध्ययनबिना एउटा कोठामा सांसद बसेर बनाएको नियम कानुनले व्यवहारमा काम गर्न सक्दैन, त्यो कार्यान्वयनमा असफल हुन्छ, यसले सिङ्गो सरकार असफल देखिन्छ । अनुसन्धानात्मक लेख, खोजमुलक लेखको अध्ययन, सरोकारवाला, विज्ञसँग संवाद, विचार र विमर्श गर्नुपर्छ । हाल म एउटा विधेयकको अध्ययनमा व्यस्त छु ।

**राजनीति प्रतिस्पर्धा हैन, समाजसेवा हो**

राजनीति प्रतिस्पर्धा हैन । यो विशुद्ध समाज सेवा हो । हिजो मैले अभ्यास गरिरहेको चिकित्सकीय सेवाभन्दा पनि माथिको सेवा राजनीति हो । यसले समग्र स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन सक्छ । देशमा सुशासन कायम गर्ने र अन्य सम्पूर्ण क्षेत्रको सुधार गर्न सक्छ । तर राजनीति आफैँमा शुद्ध भएन भने त्यसले दुर्घटना पनि निम्त्याउन सक्छ । राजनीतिमा प्रवेशपछि आलोचना र चुनौतीसँग स्वभाविक रुपमा धेरै सामना गरिरहेकी छु । यी सबैले मलाई परिपक्व र उत्तरदायी बनाइरहेको छ ।

पुरानो राजनीतिक पृष्ठभूमिमा रहेका परिपक्व नेतासँग संसदीय अभ्यास गरिरहँदा धेरै सिक्ने क्रम जारी छ । कतिपय गर्न नहुने कुरा पनि उहाँहरुको गल्तीबाट सिक्दैछौँ । राज्यका हरेक क्षेत्रमा भागबन्डा भइरहेको छ, यो स्पष्ट देखिन्छ । राजनीतिक भागबन्डा र मिलेमतो हुने, भ्रष्टाचारका फाइल आपसी स्वार्थमा लुकाउने काम भइरहेका छन् । आफ्ना नजिकका मान्छे संरक्षण गर्ने र व्यक्ति विशेष कानुन बनाउने संस्कारले राज्यलाई नै धरापमा पारेको छ, जसका कारण राजनीतिप्रति आमजनताको वितृष्णा बढेको छ । यो चिन्ताको विषय हो ।

**सरकारको सबैभन्दा ठूलो प्रतिपक्ष जनता**

सफल मुलुकका लागि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासँगै नागरिक पनि जिम्मेवार हुनुपर्छ । हरेक नागरिकका काम, कर्तव्य र अधिकार हुन्छन, राज्यप्रतिको दायित्व स्व-मूल्याङ्कन गर्न सक्नुपर्छ । जनप्रतिनिधिलाई दिएको आफ्नो विश्वासको मतको हिसाब माग्न सक्नुपर्छ । जनताले जनप्रतिनिधिलाई मतसँगै दिएको पाँच वर्ष समयको हिसाब माग्न सक्नुपर्छ । र जनप्रतिनिधिका सकारात्मक प्रयासलाई सहयोग गर्नु पनि नागरिकको कर्तव्य हो ।

यसर्थ कुनै पनि सरकारको प्रमुख रचनात्मक प्रतिपक्ष र 'वाच डग' जनता हुनुपर्छ । नेपाली नागरिक विदेश पलायन हुने बढ्दो छ । विदेशमा पलायन भएर पनि उहाँहरु खुसी हुनुहुन्न । आफन्त र देश छोड्नुको पीडा, अर्कातर्फ देशका लागि केही गर्न नसक्नुको पीडा उहाँहरुसँग छ । यस्तो वातावरण ल्याउनुमा पहिलेको नेतृत्व जिम्मेवार छ । वर्तमान सरकारको प्रयास पर्याप्त छैन ।

असम्भव छैन, यही सीमित स्रोत साधनबाट पनि देशमा सुधार गर्न सकिन्छ । तर अहिले हामी सङ्क्रमणकालीन अवस्थामा छौँ । यस अर्थमा कि हिजोका दिनको सङ्घर्ष रातो क्रान्ति थियो अहिले निलो क्रान्तिमा छौँ । जहाँ हामीले समय, स्रोत, सीप, श्रम र सपनाको लगानी गर्नुपर्ने बेला आएको छ । यो पुस्तालाई गाह्रो होला तर पछिका पुस्तालाई सुनौलो भविष्यका लागि हाम्रै कार्यकालमा केही गर्न सम्भव छ ।

**एकीकृत स्वास्थ्य योजनाको खाँचो**

स्वास्थ्यको समग्र क्षेत्रलाई एकीकृत योजनाका साथ अघि बढाउनुपर्ने आवश्यकता छ । अहिलेको मन्त्रालयको नेतृत्व यसप्रति सचेत हुनुपर्ने देखिन्छ । सफल स्वास्थ्य क्षेत्र भनेको भौतिक पूर्वाधार र स्वास्थ्य उपकरण मात्र होइन, त्यहाँ उच्च मनोबलका साथ काम गरिरहेका चिकित्सक एवं स्वास्थ्यकर्मी हुनुपर्छ । बिरामी र सेवाग्राहीले बिना झन्झट, सहज र सुलभ स्वास्थ्य उपचार सेवा प्राप्त गर्न सक्नुपर्छ । दरबन्दी आवश्यकताअनुसार सही ढङ्गले पूर्ति हुनुपर्छ । उपचारात्मक मात्र हैन निरोधात्मक सेवामा ध्यान दिनुपर्ने खाँचो छ । स्वास्थ्यकर्मीको मनोबल बढाउन सक्ने जिम्मेवार र संवेदनशील नेतृत्वको आवश्यकता छ ।

स्वास्थ्यकर्मी समायोजनको विषयमा स्थानीय तहमा सरुवा भएकाहरुले तलब भत्ता पाएका छैनन । उहाँहरु अलपत्र पर्नुभएको छ । एकातर्फ बिरामीले उपचार सेवा पाउन मुस्किल छ भने अर्कातर्फ स्वास्थ्यमर्कीको व्यवस्थापनमा सरकार चुकिरहेको छ । स्वास्थ्य बिमा कार्यक्रम धरासायी बन्दै जानु चिन्ताजनक छ । (रासस/कुराकानीमा आधारित) स्वास्थ्य खबरबाट

## आरक्षणले ...

गतेको फैसलामा आरक्षणको दुरुपयोग भएको र तरमारा वर्गहरूले यसको लाभ पाइरहेको उल्लेख थियो । जुनसुकै जातको भए पनि राजनीतिक, आर्थिक र सामाजिक रूपमा उच्च वर्गमा पुगेको व्यक्तिको परिवारलाई आरक्षणबाट वञ्चित गर्नुपर्ने सर्वोच्च अदालतको आदेश थियो । उक्त फैसलामा अदालतले आरक्षण जातीय र वर्गीय रूपले भन्दा लक्ष्यकेन्द्रित गराउन आदेश दिएको थियो । त्यस फैसलामा भनिएको छ- सकारात्मक विभेदको व्यवस्थालाई पटकपटक एकै व्यक्ति वा परिवारमा नदोहोरिने गरी र समय-समयमा वस्तुनिष्ठ रूपमा अनुगमन, मूल्यांकन र पुनरवलोकन समेत गर्ने गरी वास्तवमै गरिब र उपेक्षित वर्गको पहुँच र सहज उपयोगमा रहने र सकारात्मक हस्तक्षप नचाहिने व्यक्ति, परिवार वा समूहलाई क्रमश: बाहेक गर्दै जाने व्यवस्था गरेमा मात्र यसले संविधानको लक्ष्यलाई पछ्याउन सक्छ ।

थारुहरूलाई ६.६ प्रतिशत आरक्षणको व्यवस्था हुनुपर्ने भन्दै थारु कल्याणकारी सभाका महामन्त्री प्रेमिलाल चौधरीले दायर गरेको रिटमा सर्वोच्च अदालतले गत २४ माघ २०७९ मा गरेको फैसलामा समेत आरक्षण व्यवस्था पुनरवलोकन हुनुपर्ने दोहोऱ्याइएको छ ।

आरक्षणमा पुनरवलोकन जरुरी देखिन्छ । खासगरी सरकारी विद्यालयमा पढ्नेलाई मात्र आरक्षणको दायरामा ल्याउनुपर्छ । आरक्षण पटकपटक दिन हुँदैन । एकैपटक सेवा प्रवेश गरेकामध्ये कोहीले आरक्षणकै बलमा बढुवा भइरहने र उपल्लो पदमा पुगिहाल्ने हुँदा अर्को साथीको मनोबल घट्ने मात्र होइन, ब्रेन ड्रेनको स्थिति समेत देखापर्ने हुन्छ । जनगणना अनुसार, १४२ जातजाति रहेको मुलुकमा सीमित जातजातिकै रजाइँ हुने हो भने आरक्षणको मर्म र यसको सशक्त कार्यान्वयनमा चोट पुग्छ । यौनिक अल्पसंख्यकलाई आरक्षणको दायरामा ल्याउनुपर्ने देखिन्छ । कोशी प्रदेशले २०७९ मा दुई प्रतिशत र लुम्बिनी प्रदेशले एक प्रतिशत यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई आरक्षणको व्यवस्था गरेको पाइन्छ । यसरी आरक्षण हटाउने भन्दा पनि पुनरवलोकन गर्दै समयसापेक्ष सुधार गर्न ढिलाइ नगरौँ । (लेखक बिएएलएलबी अध्ययनरत विद्यार्थी हो ।) रातोपाटीबाट

## बालविवाह विरुद्ध अपील

## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था** :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# रजिष्ट्रेशन गर्दा लागेको दस्तुरको १० प्रतिशत मात्र नविकरण शुल्क लाग्ने : घरेलु कार्यालय

**राजविराज**/घरेलु तथा साना उद्योग कार्यालय राजविराजले पुरानै जिर्ण भवनबाट सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्दै आएको छ ।

राजविराज वडा नं. ८ मा अवस्थित यस कार्यालयका प्रमुख एवं उद्योग अधिकृत रेखाकुमारी यादवले विभिन्न समस्याका वावजुद लामो समयदेखी पुरानै भवनबाटै सेवाग्राहीलाई सेवा दिइरहेको बताएकी छिन् ।

वर्षाको समयमा जिर्ण भएका भवनहरु चुहिने गरेकाले महत्वपूर्ण कागजातहरुलाई पानीबाट सुरक्षित राख्न चुनौती रहेको उनको भनाई छ । कार्यालय परिसरमा वर्षाको समयमा डुवानमा परिणत हुने गरेको भन्दै गत आ.ब. २०७९/८० मा कार्यालय परिसरमा भौतिक कार्यहरु गरेर डुवानमा पर्ने समस्याबाट केही राहत मिलेको बताइन् ।



गत माघ २८ गते उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश मन्त्रीस्तरको निर्णय अनुसार सम्पूर्ण फर्महरुको नविकरण दस्तुर रजिष्ट्रेशन गर्दा लागेको दस्तुरको १० प्रतिशत मात्र लाग्ने कार्यालय प्रमुख यादवले जानकारी दिइन् ।

कार्यालयमा सो निर्णयको पत्र फागुन ६ गते मात्र मन्त्रालयबाट प्राप्त भए लगत्तै फर्म नविकरण गराउन आउदा रजिष्ट्रेशन गर्दा लागेको दस्तुरको १० प्रतिशत मात्र नविकरण शुल्क लाग्ने र त्यसको अवधी ५ वर्ष रहने जनाइन् । यसअघि प्रत्येक दुई वर्षमा फर्म नविकरण गराउने प्रावधान थियो ।

यसैबीच १० वर्षदेखी नविकरण नभएका फर्महरुको नविकरण समेत भइरहेको जानकारी दिँदै कार्यालय प्रमुख यादवले महिलाहरुको नाममा नयाँ फर्म दर्ता गराउँदा रजिष्ट्रेशन दस्तुर शुल्कमा ३५ प्रतिशत छुट समेतको व्यवस्था रहेको बताइन् ।

२०८० फागुन ८ गतेसम्ममा उद्योग तर्फ ११ हजार ३ सय ८ र वाणिज्यतर्फ ११ हजार ४३ वटा फर्महरु दर्ता भएको सो कार्यालयको दर्ता शाखाले जनाएको छ ।

हाल कार्यालयमा कर्मचारीको अभाव रहँदा पनि आफूसहित दुई जना छैठौं अधिकृत, एक जना सहलेखापाल र एक जना कार्यालय सहायक गरि पाँच जना स्थायी र ६ जना करारका गरि ११ जना कर्मचारीहरु कार्यरत रहेको उनले बताइन् ।

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

## अन्तर्राष्ट्रिय समाचार

### रूस-युक्रेन युद्ध तेस्रो वर्षमा, युक्रेन झनै रक्षात्मक

**युक्रेन**/शनिबार रूसले युक्रेनमाथि आक्रमण गरेको दुई वर्ष पूरा भएको छ र पश्चिमा सहायताको अभावका कारण यो बर्ष युक्रेन कमजोर देखिएको छ भने रूस नयाँ लाभबाट उत्साहित भएको छ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले फेब्रुअरी २४, २०२२ को बिहानै 'विशेष सैन्य अभियान' को घोषणा गर्दा धेरैले केही दिनभित्रै मस्कोले युक्रेनविरूद्ध विजय गर्ने अनुमान गरेका थिए । तर युक्रेनले अहिलेसम्म रूसी आक्रमणको प्रतिकार गर्दै कतिपय स्थानबाट रूसी सेनालाई पश्चगमनगर्न बाध्य बनाएको छ । युक्रेनले सन् २०२३ को प्रत्याक्रमण अनपेक्षित असफल भएपछि धक्का खाएको छ । यो उसलाई आफ्ना सहयोगीले युद्धका लागि प्रतिवद्धता गरे अनुसारको हतियार र आर्थिक सहयोगको अभावका कारण भएको रूस-युक्रेन युद्धबारे नजिकबाट जानकारी राख्ने विश्लेषकहरूले बताएका छन् । रूसी सेनाले युद्ध उत्पादनको वृद्धिका कारण शक्तिको स्थिति निर्माण गरेको छ, जबकि युक्रेनका सैनिकहरूसँग जनशक्तिको कमी छ र तोपखाना र हवाई प्रतिरक्षाको लागि पश्चिमी-आपूर्ति गरिएको गोलाबारूदको यथेष्ठ आपूर्ति नहुँदा सुस्त गतिमा रक्षात्मक लडाइ लडिरहेको छ । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले हतियार आपूर्तिसम्बन्धी निर्णय 'प्राथमिकता' हुनुपर्ने बताउनुभएको छ । युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनलगायत पश्चिमा नेताहरूले युक्रेनको 'असाधारण प्रतिरोध'को प्रशंसा गर्दै शनिबार कीएभ आइपुगेका छन् । अमेरिकी कङ्ग्रेसले ६० अर्ब अमेरिकी डलरको सहायता कार्यक्रम रोकेपछि युक्रेनका लागि समग्र तस्वीर अन्धकारमय बनेको छ । यो प्रतिज्ञा गरिएको सहयोगको आपूर्तिको ढिलाइको शीर्षस्थानमा आएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले रिपब्लिकन सांसदहरूलाई थप अनुदान नरोक्न पुनः आह्वान गर्दै 'इतिहासले पर्खिरहेको' र 'यस महत्वपूर्ण घडीमा युक्रेनलाई समर्थन गर्न असफल भएको दिन' नबिर्सिइने दोहोराउनुभएको छ । एजेन्सी

### पाकिस्तानको पञ्जाबमा सडक दुर्घटनामा, ६ जनाको मृत्यु, १६ जना घाइते

**इस्लामावाद**/पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको लोधरान जिल्लामा बिहीबार भ्यान र ट्र्याक्टर ट्रली ठोक्किँदा ६ जनाको मृत्यु हुनाका साथै अन्य १६ जना घाइते भएको स्थानीय प्रहरीले जनाएको छ । जिल्लाको दुनियापुर क्षेत्रमा बिहेका जन्ती बोकेको भ्यान सडक छेउमा पार्किङ गरी राखिएको ट्याक्टर ट्रलीमा ठोक्किदा सो दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटना ३ महिला, २ पुरुष र १ बालकको मृत्यु बएको छ । घाइतेहरूलाई नजिकैको अस्पतालमा लगिएको छ । घाइतेमध्ये ७ जनाको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्या अझै बढ्न सक्ने आशंका गरिएको छ । प्रहरीले ट्याक्टर ट्रलीका मालिकविरुद्ध आपराधिक लापरवाही गरेको आरोपमा मुद्दा दर्ता गरी अनुसन्धान अगाडि बढाएको छ । एजेन्सी

### हजारौं इजरायली संस्थामा साइबर चुनौती बढ्यो

**जेरुसेलम**/इजरायल राष्ट्रिय साइबर निर्देशनालयले बिहीबार भर्खरै पत्ता लागेका दुई वटा महत्वपूर्ण जोखिमका दृष्टिगत गर्दा अन्य हजारौं इजरायली संस्थाहरू साइबर आक्रमणको खतरामा रहेको बताएको छ । निर्देशनालयले विज्ञप्ति जारी गर्दै त्यसता कमजोरीहरू अमेरिकी कम्प्युटर नेटवर्क सुरक्षा विशाल फोर्टिनेटद्वारा निर्मित भिपिएन रिमोट पहुँच प्रणालीमा फेला परेको बताइएको छ । यसबाट हजारौं सङ्गठनको स्वामित्वमा रहेको लगभग ३० हजार सञ्जाललाई प्रत्यक्ष चुनौती देखिएको छ । निर्देशनालयले संस्थाहरूलाई आवश्यक सुरक्षा अपडेटहरू तुरुन्तै लागू गर्न आग्रह गरेको छ । एजेन्सी

### नर्वेजियन प्रधानमन्त्रीले चीनसँगको सहकार्य थप प्रगाढ बनाउने

**नर्वे**/नर्वेजियन प्रधानमन्त्रीले चीनसँगको सहकार्य थप प्रगाढ बनाउने बताउनु भएको छ । नर्वेका प्रधानमन्त्री जोनास गाहर स्टोरेले बुधबार ऊर्जा र जलवायु परिवर्तन जस्ता विभिन्न क्षेत्रमा चीनसँगको सहयोग विस्तार गर्न आफ्नो प्रशासनको गहिरो चासो व्यक्त गर्नुभएको छ । "हामी चीनसँग व्यापक सहयोग आदान-प्रदान गर्न चाहन्छौं । हामीसँग द्विपक्षीय रूपमा सहयोग बढाउन सक्ने थुप्रै क्षेत्रहरू छन्," स्टोरेले किर्कनेस सम्मेलनमा सिन्ह्वासँगको अन्तर्वार्तामा बताउनु भएको छ । चीनको विश्वव्यापी प्रभावलाई उजागर गर्दै उहाँले विश्व अर्थतन्त्रमा चीनको भूमिका रहेको भन्दै उर्जा, जलवायु परिवर्तनका समस्या र शान्ति सुरक्षाका ठूला समस्या समाधानका लागि नर्वेसँग मिलेर काम गर्नुपर्ने बताउनुभयो । आर्कटिक सर्कल भित्र अवस्थित, किर्कनेसले उत्तरी नर्वेको फिनमार्क काउन्टीको सोर-भ्यारेन्जर नगरपालिकाको केन्द्रीय हबको रूपमा सेवा प्रदान गर्दै गरेको उल्लेख गरिएको छ । सन् २००८ मा पहिलो पटक आयोजित, किर्कनेस सम्मेलनले उत्तरी नर्वे र यसको छेउछाउका क्षेत्रहरूमा राजनीतिक, व्यापार र सामाजिक प्रगतिलाई समेट्न विभिन्न प्रयास गर्ने विश्वास व्यक्त गरिएको छ । एजेन्सी

# भारत सरकारसँग कुटनीतिक पहल गर्न कोशी पीडितद्वारा नेपाल सरकार माग

**राजविराज**/कोशी कटान डुबान पीडित संघर्ष समिती सुनसरी, उदयपुर र सप्तरीले बालीनालीको क्षतिपुर्तीका लागी भारतीय सरकारसँग कुटनीतिक पहल गर्न नेपाल सरकारसमक्ष एक पत्र बुझाउँदै माग गरेको छ ।

विगत ७० वर्षदेखि संघर्षरत कोशी कटान पीडितले सरकारसँग कोशी नदीको दुबै तटबन्ध भित्रको छुट जग्गाहरुको नाप नक्शा गरी जग्गा धनी पुर्जा उपलब्ध गराउनुका साथै मुआब्जा र बालीनालीको क्षतिपुर्तीका लागी भारतीय सरकारसँग कुटनीतिक पहल गर्न माग गरेको हो ।

कोशी पीडितहरुले तीन पुस्तासम्म पनि आफुहरुले मुआब्जा नपाएको भन्दै बेला बेलामा स्थानीयस्तरमा विभिन्न कार्यक्रम गरी आन्दोलन समेत गर्दै आएका छन् । तर, हालसम्म कुनै सुनुवाई नभएकाले पछिल्लो पटक संघर्ष समितिका पदाधिकारी सम्मिलित टोली काठमाडौ पुगी भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री रंजिता श्रेष्ठलाई पत्र बुझाई समस्या समाधानका लागी पहल गर्न माग गरिएको कोशी कटान डुवान पीडित संघर्ष समिति सुनसरी, उदयपुर र सप्तरीका संयोजक महिदेव प्रसाद चौधरीले जानकारी दिए ।

उनले कोशी सम्झौता हुँदा भारतीय पक्षले डुवान क्षेत्रको मुआब्जा दिने भने पनि नदिएको तथा नेपाल सरकारले पनि सम्झौता कार्यान्वयनका लागी ठोस पहल नगरेको बताए ।

वि.स.२०११ सालमा नेपाल-भारतबीच भएको कोशी सम्झौता अनुसार कोशी योजना अन्तर्गत परेको जग्गाको मुआब्जा तथा क्षतिपुर्ती भएको बाली नालीको क्षतिपुर्ती भारत सरकारले दिनु पर्ने उल्लेख भएपनि भारतीय सरकारबाट सोको पालना हुन नसकेको सन्दर्भमा काठमाडौं पुगेको टोलीले उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, राष्ट्रिय भुमि आयोगलाई समेत समस्या समाधानका लागी पहल गर्न मागसहित ध्यानाकर्षण पत्र बुझाएको टोलीमा सहभागी संघर्ष समितिका कोषाध्यक्ष कासिम अन्सारीले बताए ।

पत्रमा कोशी सम्झौता बमोजिम मुआब्जा र क्षतितुर्ती माग गर्न आवश्यक पर्ने कागजातहरु भु-आर्जन कार्यालय कोशी योजना विराटनगरमा पठाई सकिएको जानकारीसहित दुबै देशका सर्वेक्षक तथा निरिक्षकबाट कटान र डुबानमा परेको छुट जग्गाहरुको समेत नाप नक्शा गरी जग्गा धनी पुर्जाको व्यवस्था गर्न माग गरिएको छ ।

२०८० साल माघ १ गते मन्त्री परिषदको निर्णयले छुट जग्गा दर्ता गर्न भनेकाले समय मै कोशी पीडितहरुको छुट भएको जग्गाहरुको समयमा नाप नक्शा गराइ मुआब्जा र क्षतिपुर्तीका लागी भारत सरकारसँग कुटनीतिक पहल गर्न संघर्ष समितिले पत्रमार्फत माग गरेका छन् ।

सुनसरीको चतरादेखी भारतीय सीमा क्षेत्र कुनौली बोर्डरसम्म दुबै तटबन्ध बीचम पर्ने हजारौ विघा बालीनाली कोशीको बाढीले बर्षेनी क्षति हुने गरेको भएपनि यसको क्षतिपुर्ती प्राप्त नभएको कोशी पीडितको गुनासो छ ।

किसानहरुको हजारौ विगहा जग्गा कटान भएको तथा बालीमा भएको क्षतिका बारेमा सन् २०१३ मा दिल्लीमा भएको नेपाल-भारत सिंचाई जलश्रोत मन्त्रीस्तरीय बैठक तथा सन् २०१४ मा काठमाण्डौंमा आयोजित विदेशमन्त्रीस्तरीय बैठकमा समेत यो विषय समावेश भएपनि आश्वासन बाहेक केही पाउन नसकेको कोशी पीडितहरुको भनाई छ ।

# नगरपालिकाले जबरजस्ती अवरोध खडा गऱ्यो : नेता ठाकुर

**राजविराज**/राजविराज नगरपालिकाले आफ्नो हकभोग र स्वामित्वको जग्गामा जबरजस्ती विभिन्न वाधा अवरोध खडा गरि दु:ख दिने काम गरेको लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) नेपालका राष्ट्रिय उपाध्यक्ष जयप्रकाश ठाकुरले गुनासो गरेका छन् ।

नेता ठाकुरले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरी राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनले संरचना निर्माणमा अवरोधको प्रयासका साथै आफू र आफ्नो परिवारका बारेमा सामाजिक सञ्जालमा समेत भ्रम फैलाउने र प्रचारबाजी गरी चरित्र हत्यासम्मको प्रयास गरेकोमा आपत्ति जनाए ।

राजविराज नगरपालिका साविक वडा नम्बर ३ हाल वडा ४ मा पत्नि संगीताको नाममा रहेको १५ कट्ठा ९ धुर जग्गामा नयाँ संरचना बनाउन खोज्दा नगरपालिकाले अनावश्यक हस्तक्षेप गरी दु:ख दिन थालेको बताए । उक्त जग्गाको नियमित रुपमा सालबसाली मालपोत बुझाउँदै आएका रसिद तथा अन्य प्रमाणहरू पत्रकार सम्मेलनमा पेश गरेका ठाकुरले नयाँ संरचना निर्माणका लागि आवश्यक पर्ने नक्सा पासका लागि नगरपालिकामा लाग्ने दस्तुर २ लाख ११ हजार ४ सय ५७ रुपैया २०७८ साल भदौ २१ गते नै बुझाइसक्दा पनि दु:ख दिने नियतले हालसम्म नक्सा पास नगरी आर्थिक क्षति पुऱ्याउन खोजेको बताएका छन् ।

नगरपालिकाले शुल्क बुझेको २५ महिनाभन्दा बढी भो, तर हालसम्म विभिन्न बहानामा नक्सा पास गरिदिएको छैन, उनले भने-उल्टै काम रोक्नु भन्दै चेतावनी सहितको पत्र काटेर हाम्रो परिवारलाई मानसिक यातना र आर्थिक क्षति पुऱ्याउने काम नगरपालिकाले गरिरहेको छ ।

उनले यस अघि २०७३ सालमा उक्त जग्गा संरक्षणका लागि चारैतिरबाट पर्खाल निर्माण गर्ने क्रममा नगरपालिकाले रोक्का गरी अमिन रामनारायण ठाकुरलाई खटाएको र उनले अरु कसैको कुनै जग्गा नमिचेको भनी प्रतिवेदन बुझाउँदा पर्खाल निर्माण कार्य सम्पन्न भएको जानकारी गराउँदै हाल सोही पर्खालको घेराभित्र नयाँ संरचना बनाउन खोज्दा कहिले पत्र काटेर, त कहिले प्रहरी पठाएर रोकाउँछु भन्दै धम्की दिनु अचम्मको कुरा भएको बताए ।

२५ महिना अघि नै नक्सा पास प्रयोजनका लागि रसिद नं. ७१ बाट २ लाख ११ हजार ४ सय ५७ रुपैयाँ तथा धरौटी बापत रसिद नं. ४ बाट १ लाख ४ हजार ४ सय ४९ रुँपैया बुझिसकेको नगरपालिकाले हालसम्म अनुमति नदिनु तथा उल्टै चेतावनी सहितको पत्र काटेर मानसिक यातना तथा परियोजनामा क्षति पुऱ्याएको भन्दै उनले आपत्ति सहित नगरपालिकामा पेश गरेको लिखित जवाफमा उल्लेख समेत गरेका छन् ।

पत्रकार सम्मेलनमा उपस्थित रहेका राजविराज नगरपालिकाका निवर्तमान मेयर शम्भुप्रसाद यादव र लोसपा सप्तरीका अध्यक्ष सुनिल कुमार झाले समेत ठाकुरद्वारा आफ्नो निजी जग्गामा नियमपूर्वक संरचना निर्माण कार्य थालिएको भन्दै नगरपालिकाले त्यसमा हस्तक्षेप गर्नुको कुनै औचित्य नरहेको प्रतिक्रिया दिएका छन् ।

### *समस्या परेकाहरुका ...*

मिलाइएकोले क्रमिक रुपमा सबै पीडितले न्याय पाउँदै जाने विश्वास समेत ब्यक्त गरे । वर्तमान सरकार, सुशासन र समृद्धिको यात्रामा अघि बढेको बताउँदै उनले विपक्षीले विरोध गरेर आफ्नो धर्म मात्र निर्वाह गरिहेको बताए ।

भ्रष्टाचार विरोधी अभियानलाई निरन्तरताका साथ सरकारले अघि बढाइरहेको भन्दै दोषी जो सुकै भएपनि छानवीन गरी कारवाही प्रक्रियामा लैजाने उनले दृढता समेत ब्यक्त गरे ।

खडक नगरपालिकाका मेयर जय प्रकाश चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा मधेश प्रदेशका भुमी व्यवस्था तथा कृषि मन्त्री गोविन्द न्यौपाने, प्रदेश साँसद माला कर्ण, पुर्व प्रदेश साँसद रुवी कर्ण, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्यद्वय अशोक कुमार मंडल र सूर्यनाथ प्रसाद यादव लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए ।

मन्त्री श्रेष्ठ शनिवारै शम्भुनाथ नगरपालिकामा पनि भुमिहिनलाई जग्गा धनीको लालपुर्जा वितरण र कार्यकर्ता भेटघाट कार्यक्रममा सरिक हुनका साथै जिल्लाका सुरक्षा निकाययका प्रमुखसंग छलफल गरी सुरक्षा अवस्था बारे जानकारी लिनुका साथै आवश्यक निर्देशन समेत दिएका छन् ।

यस्तै शनिबारै राजविराजस्थित निर्माण व्यवसायी सप्तरीको सभाहलमा अगुवा कार्यकर्ता भेटघाट कार्यक्रममा सहभागि भए । यस्तै जिल्ला प्रशासन कार्यालयमा कर्मचारीहरुलाई सम्बोधन गर्दै सरकारी निकायबाट जनतालाई छिटो, छरितो सेवा दिन निर्देशन समेत दिए ।


## जिल्ला प्रहरी कार्यालय सप्तरीको अनुरोध !

**पछिल्लो समयमा परिवन्धमा पारी साईबर अपराध बढि रहेको हुँदा निम्न कुराहरुमा सचेत रहौं ।**

**परिवन्धमा पार्ने तरिकाहरु :-**

१)कोहि कसैले फोन कल र सामाजिक सञ्जालको प्रयोग गरि कुनै परीबन्ध वा झुट्टा डर त्रास देखाई रकम तथा फिरौती माग्ने।
२)आफ्नो वच्चा वा कोही कसैको अपहरण गरी वा झुट्टा अपहरणको बाहाना बनाई फिरौती माग गर्ने।
३)सामाजिक सञ्जाल बाट नचिनेको मानिसले धाक धन्की दिई गोप्य रुपमा Fake ID बाट फोन, म्यासेज गर्ने र पैसाको माग गर्ने।
४)कुनै पनि घटना वा कामलाई संयोग पारी वा सुराकी गरी blackmail गरी बारम्बार Whatsup, Imo, लगायतका सामाजिक संजाल मार्फत Audio कलमा फोन गर्ने।
५)प्रहरी अधिकृतको फोटो दुरुपयोग गरि सामाजिक संजालकोProfile Picture प्रयोग गरि Whatsapp Imo मार्फत Audio Call मार्फत बिभिन्न मुद्दाको डर देखाउने।

**बच्ने उपायहरु :-**

१)सामाजिक संजालमा नचिनेको व्याक्तिसंग साथी नबन्ने,अडियो र भिडियोमा कुरा नगर्ने।
२)सामाजिक संजालमा जथाभावि आफ्नो दैनिक गतिविधि, गर्न लागेको काम र जाने ठाउको ठेगानाको पोष्ट नगर्ने।
३)कोहि कसैले परिवन्धमा पारी,धाक घम्कि दिई Whatsapp,Messenger, Imo लगायतका सामाजिक संजाल मार्फत फिरौती मागेमा बास्तविक वुझ्ने र हतारमा पैसा नपठाउने।
४)कोहि चिनजानकै व्याक्तिबाट पनि Facebook, Messange, Whatsup र Imo लगायतका सामाजिक संजालको प्रयोग गरी पैसा मागेमा वास्तविक साथी हो हैन बुझेर मात्र रकम पठाउने।

:-माथी उल्लेखित अनुसारको घटना घटेमा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला।

नेपाल प्रहरी साईबर ब्यूरो, भोटाहिटी काठमाण्डौ - ९८५१२८६७७०, ०१४२१९०४४
जिल्ला प्रहरी कार्यलय सप्तरी: १०० / ९८५२८९०२७०


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com,* **वेवसाइट** : *rajbirajdainik.com.np*